आज मिति २०७५ साल असार २८ गतेका दिन मकवानपुर, गढी गाउँपालिको आ.व. ०७५/०७६ को लागि चालु गाउँ सभाको बैठक गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमागाई ज्यूको अध्यक्षता मा वसि देहाय सभाको सदस्यहरुको उपस्थितिमा सम्पन्न भयो।

# उपस्थिती

| सि.नं. | नाम,थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विदुर हुमागााई | गा.पा. अध्यक्ष | | |
| २ | श्री हर्कमाया रुम्वा | गा.पा. उपाध्यक्ष | | |
| ३ | श्री आइत सी.लो. | वडा अध्यक्ष १ | | |
| ४ | श्री बखान सिं. पाखिन | वडा अध्यक्ष २ | | |
| ५ | श्री भागवत घिमिरे | वडा अध्यक्ष ३ | | |
| ६ | श्री राम प्रसाद तिमल्सिना | वडा अध्यक्ष ४ | | |
| ७ | श्री जीत बहादुर घिमिरे | वडा अध्यक्ष ५ | | |
| ८ | श्री टिका प्र. दहाल | वडा अध्यक्ष ६ | | |
| ९ | श्री सुर्य बहादुर रुम्वा | वडा अध्यक्ष ७ | | |
| १० | श्री कुमार सिं. घिसिङ | वडा अध्यक्ष ८ | | |
| ११ | श्री सुरेन्द्र सुनार | गा.का.पा.सदस्य | | |
| १२ | श्री चिनि माया लुङ्वा | गा.का.पा.सदस्य | चिनी | |
| १३ | श्री निर्मला विश्वकर्मा | गा.का.पा.सदस्य | निर्मला | |
| १४ | श्री मञ्जु योन्जन | गा.का.पा.सदस्य | मञ्जु | |
| १५ | श्री पातली माया गोले | गा.का.पा.सदस्य | | |
| १६ | श्री बुद्धीमाया योन्जन | गा.का.पा.सदस्य | बुद्धी | |
| १७ | श्री सुवास सिं थिङ | वडा समिति सदस्य १ | | |
| १८ | श्री गणेशमान गोले | वडा समिति सदस्य १ | गोले | |
| १९ | श्री ठुलिमाया विश्वकर्मा | वडा समिति सदस्य १ | | |
| २० | श्री शान्ता कुमारी डिम्डुङ | वडा समिति सदस्य १ | शान्ता | |
| २१ | श्री शिव प्रसाद न्यौपाने | वडा समिति सदस्य २ | | |

| | | | | |
|---|---|---|---|---|
| २२ | श्री राम प्रसाद पुडासैनि | वडा समिति सदस्य २ | | |
| २३ | श्री साबित्री बिश्वकर्मा | वडा समिति सदस्य २ | | |
| २४ | श्री प्रेम बहादुर लामा | वडा समिति सदस्य ३ | | |
| २५ | श्री सरिता सापकोटा | वडा समिति सदस्य ३ | सरिता | |
| २६ | श्री बिमला सुनार | वडा समिति सदस्य ३ | बीमला | |
| २७ | श्री धन बहादुर लामा | वडा समिति सदस्य ४ | | |
| २८ | श्री सन्तु थिङ पाखिन | वडा समिति सदस्य ४ | | |
| २९ | श्री संगिता परियार | वडा समिति सदस्य ४ | संगिता | |
| ३० | श्री सानुकान्छा लामा (मोक्तान) | वडा समिति सदस्य ४ | | |
| ३१ | श्री हिरा बहादर दोङ | वडा समिति सदस्य ५ | | |
| ३२ | श्री सुकराम थिङ | वडा समिति सदस्य ५ | | |
| ३३ | श्री सुनमाया पाखिन | वडा समिति सदस्य ५ | | |
| ३४ | श्री उषा परियार | वडा समिति सदस्य ५ | उषा | |
| ३५ | श्री केशव प्रसाद न्यौपाने | वडा समिति सदस्य ६ | | |
| ३६ | श्री रन कुमारी परियार | वडा समिति सदस्य ६ | | |
| ३७ | श्री शेर वहादुर पाखिन | वडा समिति सदस्य ६ | | |
| ३८ | श्री प्रतिमान रुम्वा | वडा समिति सदस्य ७ | | |
| ३९ | श्री दुविमाया लो | वडा समिति सदस्य ७ | | |
| ४० | श्री सानुकान्छा मोक्तान | वडा समिति सदस्य ७ | सानुकान्छा | |
| ४१ | श्री मैयादेवी वि.क | वडा समिति सदस्य ७ | मैंया | |
| ४२ | श्री गमला वि.क. | वडा समिति सदस्य ८ | गमला | |
| ४३ | श्री गोकुल प्रसाद देवकोटा | वडा समिति सदस्य ८ | | |
| ४४ | श्री ज्ञान वहादुर गोले | वडा समिति सदस्य ८ | | |

**आर्थिक वर्ष २०७५/०७६ को गाउँसभाबाट भएका निर्णयहरु:**

निर्णय नं. १ राजश्व परामर्श समितिले निर्णय गरे अनुसार एकीकृत सम्पत्ती करको मूल्याङ्कन गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन दरलाई आधार मानी मूल्याङ्कन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ मकवानपुरगढी गाउँपालिका भित्र भाडामा दिएका भवन, घर, पसल टहरा आदिमा बहालमा दिने घरधनीबाट १० प्रतिशत बहाल कर असुल गर्ने र यस्तो घर बहाल कर घरभाडा लिने व्यक्ति वा संस्थाले भाडा भुक्तानी गरेकै बखत असुल गरी गाउँपालिकालाई बुझाउनुपर्ने निर्णय गरियो ।

निर्णय नं. ३ गाउँपालिकाबाट निकासी हुने तरकारी, वनजन्य, खोटो, गिट्टी, बालुवा, ढुङ्गा आदिमा ठेक्का पट्टा प्रक्रियाबाट कर असुली गर्ने निर्णय गरियो । कुनै कारणवस ठेक्कापट्टा हुन ढिलाई भएमा कार्यालयले अमानतमा समेत कर असुल गर्न सक्ने निर्णय गरियो ।

निर्णय नं. ४ सार्वजनिक पर्ति, ऐलानी जग्गामा घर टहरा र संरचना बनाई उपयोग गरिएका व्यक्तिहरुबाट राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिमको बहाल विटोरी कर लिने निर्णय गरियो ।

निर्णय नं. ५ गाउँपालिकाले ७०/३० को आधारमा सडकमा बजेट विनियोजन गर्दा कम्तीमा बाटोको मापदण्ड अनुसार ४ देखि ७ मीटर चौडाई भएको बाटोमा मात्र बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ मकवानपुरगढी गाउँपालिका वडा नं ३ मा वसपार्क निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्र पाइने ढुङ्गा गिट्टी बालुवाको वातावरणीय प्रभाव मूल्याङ्कन गरी स्रोत परिचालन गर्न कार्यविधि निर्माण गरी संचालनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं. ८ स्वास्थ्य स्वयंसेविकाहरुले खाइपाई आएको मासिक सुविधा रु. १०००।- मा थप गरि रु. १५००।- उपलब्ध गराउने तथा १ महिनाको मासिक सुविधा बराबरको चाडपर्व खर्च उपलब्ध गाराउने ।

निर्णय ९ मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत निति तथा कार्यक्रम अनुसार महिला स्वास्थ्य तथा परिवार नियोजन कार्यक्रमलाई प्रोत्साहन गर्नको लागि पुरुष बन्ध्याकरण कार्यक्रम अन्तरगत प्रति व्यक्ति प्रोत्साहन स्वरुप रु. १५००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १० नेपाल सरकारले आर्थिक वर्ष २०७५।०७६ को लागि निजामती कर्मचारीहरुको देहायको सेवा सुविधामा थप गरेको सन्दर्भमा यस गाउँकार्यपालिका अन्तरगत साविक स्थानिय निकायमा कार्यरत स्थायी कर्मचारीहरुको सुविधा देहाय अनुसार थप गर्ने निर्णय गरियो ।

क) महंगी भत्ता : रु. १०००।- थप
ख) सावधिक जिवन विमा रु. २००।- थप
ग) पोशाक भत्ता : रु. २५००।-थप

निर्णय नं. ११ २०७७ साल भित्र मकवानपुरगढी गाउँपालिकालाई बालमैत्री,वालविवाह मुक्त र बालश्रममुक्त गाउँपालिका घोषणा गर्ने निर्णय गरियो

निर्णय नं. १२ विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान गर्न र विद्यार्थी संख्या अपुग भएका विद्यालयहरुलाई समायोजन गर्न गाउँशिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १३ गाउँपालिकाका सबै गाउँबासीहरुलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्न गाउँ खानेपानी बोर्ड गठन गरी सह-लगानीका आयोजना र अन्य गैर सरकारी संस्थाहरुको साँझेदारीमा खानेपानी आयोजना संचालन गर्न पहल गर्ने र हाल संचालनमा रहेका र पछि निर्माण हुने धाराहरुमा मिटर जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ मकवानपुरगढी गाउँपालिका क्षेत्रभित्र कुनै पनि संस्थाले स्वास्थ्य सम्बन्धी कुनैपनि कार्यक्रम शिविर, औषधि वितरण तथा स्वास्थ्य परीक्षणका शिविरहरु राख्न चाहेमा त्यस्ता संस्थाहरुले सम्पूर्ण कागजात पेश गरी मकवानपुरगढी गाउँपालिकाको नियम तथा शर्त पालना गरी स्वास्थ्य शाखाबाट स्वीकृत लिएर मात्र संचालन गर्नदिने निर्णय गरियो ।

निर्णय नं. १५ मकवानपुरगढी गाउँपालिकाकोलागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको तपशिल बमोजिमको अस्थायी दरवन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

**गाउँ कार्यपालिका तर्फ**
**दरवन्दी तैरिज**

| क्र.सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत(उप-सचिव) | रा.प.द्धितिय | ० | १ | १ |
| २ | शाखा अधिकृत | रा.प.तृतीय(प्रशासन) वा अधिकृत सातौं/आठौं | ० | १ | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय( वा अधिकृत सातौं/आठौं | ० | १ | १ |
| ४ | जनस्वास्थ्य अधिकृत/म.वि.अ. | स्वास्थ्य अधिकृत सातौं/आठौं वा रा.प.तृतीय( विविध) | १ | ० | १ |
| ५ | कृषि अधिकृत | रा.प.तृतीय (कृषि/पशु) वा अधिकृत सातौं/आठौं | १ | ० | १ |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय (लेखा) | ० | १ | १ |
| ७ | ईन्जिनियर | रा.प.तृतीय ( प्रा.सिभिल,जनरल,वि.आ.स्यानिटरी,सिंचाई,हाईवे) वा ईन्ज़िनियर छैठौ/सातौ/आठौं | १ | ० | १ |
| ८ | नायव सुव्वा(प्रशासन) | रा.प.अनं प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | ६ | ६ |
| ९ | नायव सुव्वा(न्याय) | रा.प.अनं प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| १० | प्राविधिक सहायक(शिक्षा) | रा.प.अनं प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| ११ | नायव सुव्वा/म.वि.नि./स.म.वि.नि. वा खरिदार | रा.प.अनं प्रथम वा सहायक पाँचौ वा खरिदार/सहायक चौथो | ० | १ | १ |
| १२ | लेखापाल | रा.प.अनं प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| १३ | आन्तरिक लेखा परिक्षक | रा.प.अनं प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| १४ | सव ईन्जिनियर | रा.प.अनं प्रथम ( प्रा.जनरल, सिंचाइ हाइवे) वा ईन्जिनियर अधिकृत छैठौं/सहायक पाँचौं | २ | ० | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | सब ईन्जिनियर | रा.प.अनं प्रथम ( प्रा.जनरल, वि.आ.) वा ईन्जिनियर छैठौ /सहायक पाँचौं | २ | ० | २ |
| १६ | सर्भेक्षक | रा.प.अनं प्रथम(प्रा) वा सहायक पाँचौ(प्रा) | १ | ० | १ |
| १७ | रेन्जर/नायब सुब्बा | रा.प.अनं प्रथम(प्रा वन) वा अधिकृत छैठौ/सहायक पाँचौ | १ | ० | १ |
| १८ | सह लेखापाल | रा.प.अनं द्धितीय/सहायक पाँचौ/चौथो | ० | १ | १ |
| | जम्मा | | ९ | १६ | २५ |

**वडा कार्यालय तर्फ**

| क्र.सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | नायब सुब्बा/खरिदार | रा.प.अनं प्रथम(प्र.) वा अधिकृत छैठौ वा रा.प.अनं द्वि.(प्र) सहायक पाँचौ/चौथो | ० | १ | १ |
| २ | सव ईन्जिनियर/असिस्टेन्ट सव ईन्जिनियर | रा.प.अनं प्रथम (प्रा) वा अधिकृत छैठौं वा सहायक पाँचौ/चौथो (प्रा) | १ | ० | १ |
| | प्रतिवडा कर्मचारी संख्या | | १ | १ | २ |
| | वडाको संख्या | | ८ | | |
| | वडालाई आवश्यक कर्मचारी संख्या | | ८ | ८ | १६ |

**निर्णय नं. १६** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको दरबन्दी चार्ट बाहेक तपशिल बमोजिमका कर्मचारीहरु कार्यालयका लागि आवश्यक पर्ने भएको हुँदा उक्त दरबन्दी समेत कायम गर्ने निर्णय गरियो ।

**गाउँपालिका,वडा कार्यालय र सामुदायिक स्वास्थ्य ईकाई तर्फ**

| क्र.स. | पद | श्रेणी/तह | स्वीकृत दरवन्दी | कार्यालय |
|---|---|---|---|---|
| १. | अनमी | सहायक चौथो | २ | आँपटार सामुदायिक स्वा.ईकाई |
| २ | कृषि प्राविधिक | सहायक स्तर चौथो | ३ | मकवानपुरगढी गाउँपालिका |
| ३ | पशु प्राविधिक | सहायक स्तर चौथो | २ | मकवानपुरगढी गाउँपालिका |
| ७. | हलुका सवारी चालक | लाइट | १ | मकवानपुरगढी गाउँपालिका |
| ८. | कार्यालय सहयोगी | गाउँपालिका (श्रेणी विहिन) | २ | मकवानपुरगढी गाउँपालिका |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन (वडा कार्यालय) | ८ | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ जना | आँपटार सा.स्वा.ई, सहिद रुद्र स्मृति सा.स्वा.ई र डुम्रेकुना सा.स्वा.ई |

नोट : यस दरवन्दी चार्टमा नपरेका शशसर्त तथा अन्य कार्यक्रम अन्तरगत संघ तथा प्रदेशको बजेट,अनुदान तथा कार्यक्रम अन्तरगत विनियोजित भई आएका कर्मचारीहरुको तलब भत्ता भुक्तानी सोही कार्यक्रम तथा अनुदान अनुसार हुनेछ ।

निर्णय नं. १७ मकवानपुरगढी गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई काम प्रति लगनशिल तथा उत्तरदायि वनाउदै प्रोत्साहन स्वरुप तलबको १० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने तथा सो को लागि सूचकहरु तयार गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ गाउँपालिकाको गाउँसभाले पारित गरेका योजनाहरुलाई कुनै संशोधन गर्नुपर्ने भएमा आर्थिक कार्यविधि ऐन, २०७४ वामोजिमको प्रावधान पुरागरि कार्यपालिकाको बैठकले गर्न सक्ने र कुनै पनि कार्यक्रमको सिंगो बजेटको ईकाई अनुसारको बाँडबाँड गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ मकवानपुरगढी गाउँपालिकाको दोस्रो गाउँसभाले देखि तेस्रो गाउँसभा सम्म गाउँ कार्यपालिका बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २० मकवानपुरगढी गाउँपालिकामा कार्यरत देहाय को कर्मचारीहरुको न्यूनतम पारिश्रमिकमा देहाय अनुसार थप गरि आर्थिक वर्ष म २०७५।०७६को लागि उपलब्ध गराउन निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कर्मचारीको नाम | पद | तह/श्रेणी | कार्यरत संस्था | नियुक्ति आ.व. | खर्च शिर्षक | गत आव.को तलब | यस वर्ष थप सहित जम्मा तलब | नियुक्ति को प्रकार |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गंगा हुमागाई | अ.न.मी. | सहायक चौथो | आँपटार सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| २ | सुमित्रा माया गोले | अ.हे.व. | सहायक चौथो | आँपटार सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| ३ | वन्दना राई | अ.न.मी. | सहायक चौथो | मकवानपुरगढी स्वा.चौ. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| ४ | उमेश प्रसाद अधिकारी | अ.हे.व. | सहायक चौथो | मक्रान्चुली सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| ५ | सुनिता दाहाल | अ.न.मी. | सहायक चौथो | मक्रान्चुली सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| ६ | कौशिल्या कुमारी धमला | अ.हे.व. | सहायक चौथो | शहिद रुदस्मृति सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| ७ | संजिता कार्की बोगटी | अ.न.मी. | सहायक चौथो | शहिद रुदस्मृति सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| ८ | सुनिता लुंङवा | अ.हे.व. | सहायक चौथो | डुम्रेकुना सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| ९ | सरस्वती ढकाल | अ.न.मी. | सहायक चौथो | डुम्रेकुना सा.स्वा.ई. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |
| १०. | झरना तिमल्सीना | अ.न.मी. | सहायक चौथो | आमभञ्ज्याङ स्वा.चौ. | २०७४/०७५ | आन्तरिक आय | १५०००।- | १८५००।- | सेवा करार |

निर्णय नं. २१ आर्थिक वर्ष २०७३/०७४ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा छलफल भै स्वीकृत गरियो । सो सम्वन्धमा उक्त अन्तिम लेखापरिक्षण प्रतिवेदनमा औल्याइएका वेरुजु मध्ये असुल उपर गर्नुपर्नेमा असुलउपर र नियमित गर्नुपर्नेमा नियमित गरी वेरुजु फछ्यौंट गर्न गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २२ गाउँपालिकाले विभिन्न गुरुयोजनाहरु (**DPR**) तयार र स्वीकृती गरी लागू गर्न गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ मकवानपुरगढी गाउँपालिका देहायको महत्वपूर्ण ठूला योजनाहरुको परियोजना बैंक स्थापना गर्ने निर्णय गरियो ।

**१.मोटर वाटो तर्फ**

क. शहिद वाशुदेव मार्ग - (सामरी पुल सुकौरा वुढी चौर इपा सिस्नेरी)

ख. सामरी पुल -मक्रान्चुली- गढी भन्ज्याङ -रानीशेरा- कान्ति लोक पथ सडक

ग. पिप्ले- मक्रान्चुली- कुर्ले -सुकौरा -कान्तीलोक पथ जोडने सडक

घ. इक्चुङ -वुढीचौर -इपा -फाष्ट ट्र्याक जोडने सडक

**२. पुल**

क. डुम्रेकुना -लामिडाडा सामरी खोला पुल

ख. सिमल्टा-र कालिवन -ज्यामिरे खोला पुल

ग. देविडाडा- वाग्दलि सामरी खोला मिनि पुल

घ. सुकौरा -सातकन्या दमार सामरीखोला पुल

**३. झोलुङ्गे पुल**

क. कालिवन कालिखोला सामरी खोला झो पु गढी ४

ख. वुदुने खोला झो पु

ग. इक्चुङ ओखरडाडा ओखरं खोला झो पु

घ. नरसिङ डाडा जिम्वर खोला झो पु गढी ७

ङ. खैरेनी खोला झो पु गढी ५

च. खुडेधार सुकौरा झो पु गढी ७ र ८

४. सामरी खोला एकिकृत वस्ति संरक्षण योजना गढी १ देखि ९

५. विधुत विस्तार मर्मत स्तर उन्नती तथा भोल्ट सुधार योजना गढी १ -८

६. खानेपानी

क. गढी वृहत खानेपानी योजना

ख. सुकौरा ढुङगेगढी गढी दरवार क्षेत्र खा पा योजना

ग. लाइन पाखा रानीशेरा खानेपानी योजना

घ. कालिखोला टावर डाडा लिफ्ट खानेपानी योजना

ङ. कालिखोला वुर्जाडाडा खानेपानी योजना

च. जिम्वरखोला च्यापल भन्ज्याङ सरमपुर खा पा योजना

७. सामरी आसपास क्षेत्र सोलार सिचाइ योजना

८. मकवानपुरगढि अग्र्यानिक उत्पादन पकेट क्षेत्र परियोजना

९.. मकवानपुरगढी आवासीय प्राविधिक शिक्षालय संचालन गढी २

१०. मकवानपुरगढी नमुना कृषि तथा पशु तालिम केन्द्र निर्माण योजना

११. २५०० लघु उद्यमि सृजना गर्ने लघु उद्यम विकास कार्यक्रम

१२. स्थानिय कच्चा पदार्थमा आधारित साना उद्योग स्थापना कार्यक्रम

१३. २५ शैयाको अस्पताल स्थापना सहित वडा स्तरमा सामुहिक स्वास्थ्य सेवा इकाइ व्यवस्थापन कार्यक्रम

१४. मकवानपुरगढी एकिकृत पर्यटन विकास कार्यक्रम

क. मकवानपुरगढी दरवार संरक्षण तथा विकास कार्यक्रम

ख. ढुङगेगढी आनन्द शान्ति पार्क योजना

ग. मकवानपुरगढी ऐतीहासिक एकिकरण विजयक पार्क निर्माण योजना

घ. ऋषेश्वर गुफा संरक्षण तथा पर्यटन विकास कार्यक्रम

च. मनकामना संरक्षण तथा धार्मिक पर्यटन क्षेत्र विकास कार्यक्रम

छ. संस्थागत गुम्वा निर्माण सुकौरा गढी ५

ज. रानीबास एग्रो टुरिजम पार्क

निर्णय नं. २४ आगामी आर्थिक वर्ष २०७५।०७६ को लागि गाउँसभामा प्रस्तुत निति अनुसार रु. ५ लाख भन्दा माथिका ठूला योजनाहरुको कार्यान्वयन गर्दा एक तिहाई पेश्कि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५ मकवापनुरगढी गाउँपालिकामा आगामी आर्थिक वर्ष मा कार्यान्वयन हुने रु. २० लाख भन्दा माथिका लागत सहभागीता जुटाउन नसकिने तथा प्राविधिक हिसाबले ठेक्कामा लगाउनु पर्ने ठहर भएका योजनाहरु कार्यान्वयन गर्दा ठेक्का मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २६ मकवानपुरगढी गाउँपालिकाद्धारा आर्थिक वर्ष २०७४।०७५मा कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु गाउँपालिका स्तरिय फरफारक समितिले फरफारक गरि पेश भए अनुसार फरफारकको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २७ मकवानपुरगढी गाउँपालिका लागि विधायन समिति देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।,

**तपशिल**

संयोजक : श्री धन वहादुर लामा

सदस्य : श्री रण कुमारी परियार

सदस्य : श्री शिव प्रसाद न्यौपाने

निर्णय नं २८ मकवानपुरगढी गाउँपालिकाको लेखा समिति देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक श्री उषा परियार

सदस्य : श्री सुकराम थिङ

सदस्य : श्री राम प्रसाद पुडासैनी

निर्णय न : २९ मकवानपुरगढी गाउँपालिकाको गाउँ यातायात गूरुयोजनामा परेका सडकहरुको मर्मत संभार तथा निर्माण कार्य को लागि यस क्षेत्र भित्र संचालित क्रसर उद्योग संग छुटको लागि प्रस्ताव गर्ने तथा उक्त नदि जन्य पदार्थ विक्री वितरणमा लाग्ने कर छुट गर्ने निर्णय गरियो ।

निर्णय न. ३० यस मकवानपुरगढी गाउँपालिका अन्रतग पर्ने वुढिचौर वडा न. (८) र वडा नं १ रानीसेलाई २० कि.मि.भन्दा वढि दुरी कायम गरि २० कि.मि.भन्दा वढि दुरीमा कुनै पनि कार्यक्रम तथा कार्यालय प्रयोजनको शिलसिलामा जाँदा उक्त क्षेत्रको नियमानुसरा पाउने भ्रमण भत्ता दिने तर

अन्य वडाहरुको हकमा प्रचलित कानुन तथा सम्वन्धित क्षेत्रको निर्देशिकामा उल्लेख भए अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१** मकवानपुरगढी गाउँपालिकाको तेस्रो गाउँसभाबाट तपशिल बमोजिमको ऐन तथा कार्यविधिहरु मिति २०७५।०३।१७ गतेको गाउँसभामा पेश भई मिति २०७५।०३।२७ गतेको गाउँसभाले छलफल सहित स्वीकृत गरियो ।

१. मकवानपुरगढी गाउँपालिकामा कर तथा गैर कर लगाउने र उठाउने ऐन, २०७५
२. कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७५
३. एफ.एम.रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि विधेयक, २०७५
४. मकवानपुरगढी गाउँपालिका पुर्वाधार व्यवस्थापन विधेयक, २०७५
५. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
६. अनाथ तथा जोखियुक्त बालबालिका लागि सामाजिक सुरक्षा (कार्य संचालन)कार्यविधि विधेयक, २०७५
७. स्थानीय स्वास्थ्य तथा सरसफाई विधेयक, २०७५
८. मकवानपुरगढी गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक,२०७५